आर्थिक मामिला तथा योजना मन्त्री

मानननीय राजीब विक्रम शाहले

कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता


कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत


३१ वैशाख, २०८३

**माननीय सभामुख महोदय,**

१. कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मार्गदर्शनमा रही मेरो कार्यकालको दोस्रो बजेट निर्माणको क्रममा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशिता, सामाजिक न्यायका लागि भएका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनका क्रममा भएका घाइते तथा अपाङ्ग एवम् सहभागी नागरिक र अन्य सम्बद्ध पक्षप्रति कृतज्ञता र उच्च सम्मान प्रकट गर्दछु।

३. कर्णाली प्रदेशका जनताको बलिदानपूर्ण सङ्घर्षबाट प्रदेश स्थापना भएको एक दशक पुगेको छ। यस अवधिमा कर्णाली प्रदेश सरकारको कार्यसम्पादनबाट प्रदेशको आर्थिक विकास, सामाजिक रुपान्तरण र सामाजिक न्यायको क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएको छ।



मा. राजीव बिक्रम शाह
मन्त्री

यस अवधिमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै नागरिकका अपेक्षा अनुसार विकासको प्रतिफल र सुशासनको प्रत्याभूति दिलाई प्रदेश सरकार प्रति नागरिकको विश्वास र भरोसा अभिवृद्धि गर्ने अभिभारा हामी सबैको काँधमा रहेको छ।

४. प्रदेशको जटिल भौगोलिक संरचना, कमजोर पूर्वाधारको अवस्था, गरिबी, असमानता र अशिक्षा जस्ता परिस्थितिको सामना गर्दै नागरिकका अपेक्षा सम्बोधन गर्न सीमित स्रोत साधनलाई उच्च प्राथमिकताका साथ विनियोजन एवम् बाँडफाँट गर्नुपर्ने परिस्थिति हाम्रो सामु रहेको छ।

५. अहिलेको परिस्थितिमा विकासको ढाँचा, गति र प्राथमिकतालाई समय सान्दर्भिक बनाउन, प्रदेशको आवश्यकता अनुसारको आर्थिक सुधार गर्न, उद्यमशीलता, उत्पादन, स्वरोजगारी र रोजगारीलाई प्रोत्साहित गर्दै मानवीय र भौतिक विकासमा तिव्रता दिन सम्पूर्ण स्रोत साधन परिचालन गर्दै विकास, लोकतन्त्र र सङ्घीयताका लाभलाई सबै नागरिकमा पहुँचयोग्य बनाउनु हाम्रो साझा जिम्मेवारी हो।



मा. राजीव बिक्रम शाह
मन्त्री

**माननीय सभामुख महोदय,**

माथि उल्लिखित पृष्ठभूमिमा देहायका सिद्धान्तलाई हाम्रो वार्षिक कार्यक्रमको गन्तव्य मानी नेपालको संविधान र कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना समेतको मार्गदर्शनमा रही आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकको मुख्य आधारको रुपमा अवलम्बन गर्न उपयुक्त हुने ठानेको छु।

६. नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, प्रदेशका साझा र एकल अधिकारका विषय तथा कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएको कर्णाली विकास ढाँचालाई अधिकतम कार्यान्वयन गरी नागरिकको आवश्यकता र अपेक्षा पुरा गरिनेछ।

७. **"समृद्ध कर्णालीः सुखारी कर्णालीवासी"**को दीर्घकालीन सोचलाई बजेटको मुख्य गन्तव्य बनाई प्रदेशलाई वि.सं. २१०० सम्म उच्च आर्थिक वृद्धिसहितको आधारभूत भौतिक सुविधा भएको, सबैलाई सम्मानजनक रोजगारी सहित सुरक्षित र स्वच्छ वातावरणमा बसोबास गर्ने सुखी



मा. राजीव बिक्रम शाह
मन्त्री

नागरिकको प्रदेशका रुपमा विकास गर्ने सोचलाई साकार पार्ने गरी बजेट तर्जुमा गरिनेछ।

८. प्रदेशको सन्तुलित र समावेशी विकासका लागि तीनै तहका सरकार, निजी क्षेत्र र विकास साझेदार समेतको समन्वय, सहभागिता र सहकार्यमूलक विकास ढाँचा अवलम्बन गरिनेछ। प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी संघसंस्थाहरूलाई प्रदेशको योजना तथा नीतिसँग अनुकूल हुने कार्यक्रम सञ्चालन गर्न सहकार्य र प्रोत्साहन गरिनेछ।

९. विकासको लाभमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने सोचका साथ आर्थिक सामाजिक रुपले पछि परेको वर्ग, क्षेत्र, लिङ्ग, समुदायको उत्थान र सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै विकासलाई सन्तुलित र समावेशी बनाइनेछ।

१०. कर्णाली प्रदेश आयोजना बैंकमा प्रविष्ट भएका, कार्यान्वयनयोग्य र उच्च प्रतिफल दिने आयोजना छनोट गरी आयोजना अनुशासन कायम गरिनेछ। स्रोतको प्रतिफलमुखी प्रयोग गर्दै जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने परियोजनाहरू कार्यान्वयन गर्ने नीतिलाई प्राथमिकतामा राखी बजेट तर्जुमा गरिनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

११. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव तथा वित्तीय सङ्घीयताको मर्म अनुरुप प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने चारै वटा अनुदानको अंशलाई उपयुक्त आकारमा राख्ने कार्यलाई निरन्तरता दिइनेछ। समपूरक, विशेष र ससर्त अनुदानबाट सञ्चालन हुने आयोजनालाई सम्बन्धित स्थानीय तहको माग, आवश्यकता र क्षमता अनुरुप छनोट हुने गरी वित्तीय हस्तान्तरण गर्ने र स्रोतको उपलब्धिको परीक्षण समेत गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

१२. प्रदेश सरकारबाट नागरिकलाई प्रदान गरिने सेवालाई प्रविधिमैत्री, पारदर्शी, अनुमानयोग्य, पहुँचयोग्य र छिटो छरितो बनाउन नीतिगत, संरचनागत र सूचना प्रविधिजन्य प्रवन्ध मिलाइनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका लागि देहाय बमोजिम क्षेत्रगत प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१३. नेपाल सरकार, निजी क्षेत्र तथा अन्य सम्बद्ध निकायको समन्वय तथा सहकार्यमा प्रदेशमा उच्च सम्भावना भएका



मा. राजीव बिक्रम शाह
मन्त्री

क्षेत्रमा लगानी भित्र्याउन आवश्यक पर्ने पूर्वाधार निर्माणका लागि नीतिगत सहजीकरण र सहुलियत प्रदान गरी निजी क्षेत्रलाई यस कार्यमा प्रोत्साहित गरिनेछ।

१४. जडीबुटी तथा कृषिजन्य उद्योगको स्थापना र उत्पादित कृषि उपजको मूल्य, बजारीकरण र उपयोगिता विस्तारका लागि शीतभण्डार लगायतका पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ।

१५. बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप र ज्ञानको उपयोग गर्न तथा नवीन सोच भएका युवालाई लक्षित गरी नयाँ उद्यम विकासका लागि क्रियाशिल हुन विशेष प्रोत्साहित गरिनेछ।

१६. निजी क्षेत्रसँगको सहकार्यमा बजारको माग अनुसारको जनशक्ति विकास गर्नको लागि आवश्यक पर्ने सीप विकासको लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने तथा वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिसँग भएको ज्ञान, सीप र अनुभवको अभिलेखीकरण गरी सोको उपयोग हुने गरी उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।

१७. केन्द्रीय प्रसारण लाईन नपुगेका दुर्गम स्थान एवम् ग्रामीण बस्तीहरूमा लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा मार्फत



मा. राजीव बिक्रम शाह
मन्त्री

विद्युत सेवा विस्तार गर्न "**कर्णाली उज्यालो कार्यक्रम**" सञ्चालन गरिनेछ। उच्च प्रतिफलयुक्त जलविद्युत आयोजनामा प्रदेश सरकारले लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ। जलस्रोत, सौर्य र वायु ऊर्जाको विकासका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१८. आधुनिक प्रविधि, औजार र उपकरणको प्रयोग गरी प्रदेशका रैथाने बालीको उत्पादन, ग्रेडिङ, प्याकेजिङ, ब्रान्डिङ र गुणस्तर कायम गर्दै बजारीकरण गरिनेछ। विशिष्ट सम्भावना भएका बालीहरूको लागि पकेट क्षेत्र, ब्लक र जोनहरूको विकासमा जोड दिइनेछ। व्यावसायिक कृषिका लागि सहुलियतपूर्ण ऋण, ब्याज अनुदान, कृषि बीमा र कृषक प्रोत्साहन कार्यक्रमलाई व्यवस्थित बनाउँदै लगिनेछ।

१९. सडक, पुल, भवन लगायतका भौतिक संरचनाहरू दिगो, गुणस्तरीय र प्रतिफलयुक्त बनाइनेछ। यस्ता संरचनाहरूको दिगो उपयोगबाट उत्पादन, रोजगारी, आयआर्जनसँग जोडी नागरिकको जीवनस्तरमा सुधार ल्याइनेछ।



मा. राजीब बिक्रम शाह
मन्त्री

**माननीय सभामुख महोदय,**

२०. प्रदेशको प्राकृतिक सौन्दर्य, कला, भाषा र सांस्कृतिक सम्पदालाई पर्यटन विकासको आधारको रुपमा लिइनेछ। पर्यटन प्रवर्द्धन गर्न सडक, पदमार्ग, पर्यटक सूचना केन्द्र लगायतका पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिनेछ। होटेल, होमस्टे जस्ता पूर्वाधारमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यस्ता कार्यक्रमका लागी सक्षम जनशक्ति उत्पादन गर्न विभिन्न तालिम मार्फत पर्यटनसँग जोडी रोजगारी सिर्जनालाई प्रोत्साहन गरिनेछ।

२१. नागरिकलाई सत्य तथ्य सूचना प्रवाह गर्ने कार्यमा सहकार्य गर्न तथा सरकारका काम कारबाहीबारे जनतालाई सु-सूचित गर्न कर्णाली प्रदेश भित्रका क्रियाशील सञ्चार गृह तथा सञ्चारकर्मीलाई प्रदान गरिदै आएका प्रोत्साहन र सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२. युवालाई सीप विकास, उद्यमशीलता तालिम र सहुलियत मार्फत रोजगारी र स्वरोजगारी सिर्जना गरी प्रदेशको समग्र विकास प्रक्रियामा सहभागी गराइनेछ। बढ्दो साइवर अपराध, सामाजिक सञ्जालको दुरुपयोग, मादक पदार्थ तथा लागु पदार्थको कुलतबाट जोगाउन सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

२३. कर्णाली प्रदेशमा दशौं राष्ट्रिय खेलकुद आयोजना गर्नका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ। नेपाल सरकार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँगको साझेदारी र सहकार्यमा खेलकुद क्षेत्रलाई व्यावसायिक बनाउन प्रशिक्षण, अनुभव आदानप्रदान, खेलाडी उत्पादनको लागि सहजीकरण र प्रोत्साहन गरिनेछ। खेलाडी र खेलकुदसँग सम्बन्धित संघसंस्थाको क्षमता विकास तथा खेल क्षेत्रमा सुशासन कायम गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। कर्णाली प्रदेशलाई स्पोर्टस हबको रुपमा विकास गरिनेछ।

२४. सबै तहका शिक्षामा सबै क्षेत्र, वर्ग, समुदायको पहुँच सुनिश्चित गर्न शैक्षिक पूर्वाधार निर्माण, नयाँ प्रविधिको उपयोग र शैक्षिक सामग्रीको व्यवस्थापन गरी शिक्षालाई गुणस्तरीय, व्यावसायिक, रोजगारमुखी र जीवन उपयोगी बनाइनेछ। समयसापेक्ष शिक्षा र मनोपरामर्शलाई यथासम्भव कार्यान्वयन गरी योग्य र उच्च नैतिकवान नागरिक निर्माण कार्यमा विशेष जोड दिइनेछ। पूर्वाधार पुगेका सामुदायिक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाई प्रतिस्पर्धी एवम् दक्ष जनशक्ति उत्पादन गर्न सक्षम बनाइनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

२५. आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने पूर्वाधार विकास, जनशक्ति, उपकरण र औषधीको व्यवस्थापन गरी स्वास्थ्य प्रणालीको सुदृढीकरण गरिनेछ। आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी जस्ता परम्परागत उपचार प्रणालीलाई संस्थागत गर्न सम्बन्धित संस्थाहरूलाई औषधी उत्पादन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२६. आर्थिक र सामाजिक रुपमा पछाडि परेका दलित समुदाय लगायतका वर्ग, लिङ्ग, जाति, क्षेत्रको उत्थान, सशक्तीकरण, सबलीकरण तथा मूलप्रवाहीकरणका लागि प्रदेश सरकारबाट सञ्चालित लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस्ता कार्यक्रमहरूलाई आय आर्जन र स्वरोजगारीसँग जोडिनेछ।

**माननीय सभामुख महोदय,**

२७. प्रदेशभित्र प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख सुगन्धित वनस्पति एवम् बहुमूल्य जडीबुटीको खोज, अनुसन्धान र संरक्षण गरी यस्ता वनस्पति तथा जडीबुटीको खेती, सङ्कलन तथा प्रशोधन उद्योग



मा. राजीव बिक्रम शाह
मन्त्री

सञ्चालन, बजारीकरण, विकास र बिस्तारमा जोड दिइनेछ।

२८. वन, वनस्पती, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, दिगो व्यवस्थापन र प्रवर्द्धन गर्दै वन पैदावारमा आधारित उद्यम तथा व्यवसायको विकास र विस्तार मार्फत रोजगारी र आय आर्जन वृद्धि गरिनेछ। प्रदेशका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण र समुदायमा आधारित दिगो व्यवस्थापनको लागि पानीका स्रोतहरू पहिचान गरी दिगो र सुरक्षित प्रयोगमा जोड दिइनेछ।

२९. सबै प्रकारका विकास आयोजनाको पहिचान, छनोट, लगानी व्यवस्थापन, निर्माण तथा सञ्चालनका सबै अवस्थाहरूमा सम्भावित विपद्जन्य अवस्था आउन नदिन पूर्वअध्ययन, सजगता र समन्वय गरी विकास र विपद् जोखिम न्यूनीकरणलाई परिपूरक बनाइनेछ। भूकम्प, बाढी, पहिरो जस्ता विपद् व्यवस्थापनमा उद्धार, राहत, पुनर्निर्माण र पुनर्स्थापनाका लागि सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

३०. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन परम्परागत कुलोको अतिरिक्त आधुनिक प्रविधिको



मा. राजीव बिक्रम शाह
मन्त्री

प्रवर्द्धनका लागि आवश्यक पर्ने स्रोत साधनको समानुपातिक व्यवस्थापन गरिनेछ। जल उत्पन्न जोखिम संवेदनशील क्षेत्रको पहिचान, नक्शाङ्कन गरी बाँध तथा जैविक प्रविधिबाट संरक्षण तथा व्यवस्थापन गरिनेछ।

३१. सबै गाउँ, सहर र बस्तीमा आधारभूत तथा स्वच्छ खानेपानीका लागी सबै नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ। खानेपानीका मुहान, ढुङ्गेधारा, ताल तथा पोखरी, नदीनाला एवम् जलाधार क्षेत्र तथा स्रोतको पहिचान, संरक्षण तथा बहुउपयोगमा जोड दिइनेछ। स्थानीय तह, निजी क्षेत्र र स्थानीय लाभग्राही समुदायको सहभागिता र साझेदारीमा फोहोरमैलाको दिगो व्यवस्थापन गरी सरसफाई तथा वातावरणीय स्वच्छता कायम गरिनेछ।

३२. मौलिक कला, संस्कृति, भाषा, साहित्य र पुरातात्विक तथा ऐतिहासिक सम्पदाको दिगो संरक्षण, प्रवर्द्धन, सम्वर्द्धन र पुस्तान्तरण गर्दै लगिनेछ। लोपोन्मूख जातिको मौलिक सीप, भाषा र कलाको संरक्षण गरिनेछ। लोप हुने अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाको खोज, अनुसन्धान, पहिचान गरी मर्मत र संरक्षण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

३३. जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि प्रदेश सरकारका क्षेत्रगत नीति, कार्यक्रम र विकास प्रक्रियाका हरेक चरणमा दिगो विकासको मान्यतालाई आत्मसाथ गरिनेछ। यस्ता कार्यक्रममा लगानी बढाउन जलवायु वित्तको नीतिगत, कानूनी र संरचनागत व्यवस्था गर्न नेपाल सरकार, स्थानीय तह तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी अध्ययन अनुसन्धान गरिनेछ।

**माननीय सभामुख महोदय,**

३४. संघीय नीति र कानुन बमोजिम भूमि वर्गिकरण गरी वैज्ञानिक भू-उपयोग योजना कार्यान्वयन गर्न स्थानीय तहसँग समन्वय र सहजीकरण गरिनेछ। भूमि प्रशासनलाई व्यवस्थित र सहज बनाउन लागू गरिने नीतिहरूलाई प्रभावकारी वनाउन सरोकारवालाहरूसँग सहकार्य गरिनेछ।

३५. प्रदेशका सहर उन्मुख बस्तीलाई मौलिक विशेषता र आधुनिक सुविधा सहितको सुरक्षित, दिगो, व्यवस्थित र एकीकृत आवास सहितको बस्ती तथा शहरको रुपमा विकास गर्दै लगिने नीतिमा सहकार्य गरिनेछ। भौगोलिक रुपमा विकट, उच्च जोखिमयुक्त स्थानमा रहेका बस्ती तथा गरिब, विपन्न, सीमान्तकृत समूहलाई लक्षित गरी सुरक्षित बस्ती विकास कार्यलाई निरन्तरता दिइनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

३६. प्रदेशमा यातायात सेवालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सवारी साधनको नियमन र सडक पूर्वाधारहरूको व्यवस्थापनलाई उच्च प्राथमिकता दिई ट्राफिक व्यवस्थापनमा सुधार र सवारी परीक्षण (भेहिकल फिटनेस टेष्टिङ) कार्यमा संघीय सरकारसँग सहकार्य गरिनेछ। यातायात सेवालाई दिगो र वातावरणमैत्री बनाउन सावर्जनिक यातायात (मास ट्रान्सपोर्टेसन) विस्तार गर्न ठुला तथा वातावरणमैत्री विद्युतीय सवारी साधन सञ्चालन गर्ने कम्पनी तथा व्यवसायीलाई विभिन्न सहयोग र सहुलियत प्रदान गर्ने नीति लिइनेछ।

३७. छरिएर रहेको श्रम, सीप, स्रोत र पुँजीलाई सहकारीको मूल्य मान्यताको पालना गर्ने गरी सहकारी संघ संस्थाहरूको अभिलेखीकरण, अनुगमन, नियमन तथा बचत सुरक्षा लगायतका कार्यहरूमा प्रभावकारीता ल्याउन प्रदेश सहकारी कानूनहरूलाई समय अनुकूल विस्तार तथा संशोधन गरिनेछ। लक्षित वर्गमा वित्तीय साक्षरता र सहकारी शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

**माननीय सभामुख महोदय,**

३८. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् नतिजामूखी बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा मूल्याङ्कन र नागरिकको संलग्नता सहितको संयन्त्र निर्माण गरी प्रदेश सरकारका कामकारबाहीलाई नागरिकमैत्री, जवाफदेही र परिणाममुखी बनाइनेछ।

३९. प्रदेशको आयस्रोत वृद्धि गर्न राजस्वका दर पुनरावलोकन गरी दायरा विस्तार गर्दै समय अनुकूल बनाइनेछ। प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको हिस्सा बढाउन विद्यमान कानूनमा सुधारको लागि पहल गरिनेछ। स्थानीय तहको कर परिचालन क्षमता विकासमा सहयोग गरी राजस्व सङ्कलनमा अभिवृद्धि गरिनेछ।

४०. सीमित स्रोत साधनको उच्चतम उपयोग गर्दै सार्वजनिक खर्चलाई विकास र समृद्धिको प्रत्यक्ष आधार बनाउनको लागि चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ। अर्थतन्त्रलाई चलायमान र विस्तार गर्दै आय, उत्पादन र रोजगारी बढाउने रणनीतिक महत्वका र वहुवर्षीय आयोजनाहरूमा पुँजीगत खर्च केन्द्रित गरिनेछ। यस कार्यबाट प्रदेशको राजस्व परिचालन अभिवृद्धिमा



मा. राजीव विक्रम शाह
मन्त्री

सहयोग पुग्ने र सामाजिक न्यायमा टेवा पुग्ने गरी सरकारी खर्चलाई निर्देशित गरिनेछ।

४१. प्रदेशका मन्त्रालय तथा अन्य प्रशासनिक निकायको कार्यविभाजन, कार्यविशिष्टीकरण, कार्यबोझ तथा कार्यचाप अनुकूल हुने गरी चुस्त र नागरिकमैत्री बनाउन प्रशासनिक पुनर्संरचना र पदपुर्ति कार्यलाई प्राथमिकता दिइनेछ। प्रदेशको आय समेतलाई विचार गरी कर्मचारी सेवा सुविधालाई समयानुकूल बनाई व्यावसायिक, सक्षम, नतिजामुखी र उच्च मनोवलयुक्त प्रशासन संयन्त्र निर्माणको कार्यमा जोड दिइनेछ।

४२. हाल प्रचलनमा रहेका प्रदेश कानूनहरूलाई थप कार्यान्वयनयोग्य र नतिजामूखी बनाउन आवश्यकता र औचित्यका आधारमा परिमार्जन, संशोधन तथा निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

४३. प्रदेश सरकारको स्वामित्वमा रहेका तथा सरकारका निकायहरूले उपयोग गरिरहेका संरचनाहरूको मर्मत, पुनर्निर्माण र स्तरोन्नतिको कार्यलाई प्राथमिकता दिइनेछ।



मा. राजीव बिक्रम शाह
मन्त्री

**माननीय सभामुख महोदय,**

**अन्तमा,**

४४. माथी उल्लेख गरिएका सिद्धान्त र प्राथमिकताहरूको धरातलमा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम एवम् वार्षिक बजेट निर्माण तथा कार्यान्वयनका माध्यमबाट समग्र प्रदेशको आर्थिक, सामाजिक लगायतमा उच्च समृद्धि हासिल गरी मध्यम आय भएको प्रदेशको रुपमा कर्णाली प्रदेशलाई विकास गरी मुलुकको कुल ग्राहस्र्थ उत्पादनमा प्रदेशको हिस्सा बढाउने दुरदर्शी सोच कर्णाली प्रदेश सरकारले राखेको छ। यस दिशामा सरकारका तर्फबाट यस सम्मानित सभामा प्रस्तुत गरिएका सिद्धान्त र प्राथमिकताहरू उपर माननीय सदस्यज्यूहरूबाट व्यक्त हुने विचार, धारणा र मार्गदर्शनहरूलाई महत्वपूर्ण आधारको रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वास व्यक्त गर्दछु।

**धन्यवाद**

२०८३ वैशाख ३१ गते



मा. राजीव बिक्रम शाह
मन्त्री